यी कुराकानीका बुँदाहरूलाई लेभीको बारेमा तटस्थ, सही र तथ्यपरक जानकारी प्रदान गर्न प्रयोग गर्न सकिन्छ*:*

## नोभेम्बरमा मतदान हुँदा कुन मुद्दालाई लिएर मत हालिनेछ ?

Reynoldsburg City Schools ले नोभेम्बरमा मतदाताहरूलाई लेभीको बारेमा सोध्नेछ जुन आगामी पाँच वर्षसम्म थप सञ्चालन राजश्वमा वार्षिक रूपमा $8.5 मिलियनले बढ्नेछ ।

## अहिले नै किन ?

- आर्थिक वर्ष 2023 मा डिस्ट्रिक्ट घाटा खर्चको अवधिमा प्रवेश गरेको थियो ।
    - मूलतः हामीले बसको इन्धन, युटिलिटीहरूका साथै बस चालक, शिक्षक र सहायक पेशाकर्मी आदिका तलबहरू जस्ता दैनिक सञ्चालनका लागतहरू भुक्तानी गर्नमा हाम्रो बचत घटाउँदै छौँ ।

- महामारीपछि डिस्ट्रिक्टहरूले सङ्घीय सरकारबाट पूर्वावस्थामा फर्कनका लागि पुनर्लाभ आर्थिक सहयोग निरन्तर प्राप्त गरेका थिए । सो आर्थिक सहयोग बन्द गरिएको छ ।

- महामारीदेखि नै हामीले हाम्रा विद्यार्थीहरूका लागि सामाजिक-भावनात्मक तथा मानसिक स्वास्थ्यसम्बन्धी सहायता र शैक्षिक सहयोगको अझ बढी आवश्यकता भएको देखेका छौँ । पुनर्लाभ आर्थिक सहयोग प्राप्त गर्न छोडे तापनि हामीले यी सहायताहरू उपलब्ध गराउन जारी राखेका छौँ ।

- राज्यको कानुनमा भएको परिवर्तनअनुसार डिस्ट्रिक्टहरूले पढाइको विज्ञान (साइन्स अफ रिडिङ) अनुरूपको पाठ्यक्रम खरिद गर्न आवश्यक गराइएको छ । डिस्ट्रिक्टले सबै प्रमुख विषयहरूका लागि नयाँ K-12 पाठ्यक्रम सामग्रीहरू खरिद गर्‍यो ।
    - यो पाठ्यक्रमको लागत FY25 मा लगभग $2.3M छ र FY27 को अन्त्यमा पुनः मूल्याङ्कन गर्नुपर्ने हुन्छ ।

- सम्पत्तिको मूल्य बढ्नाले राज्य कोष निर्माणमा नकारात्मक प्रभाव पर्‍यो जसले गर्दा राज्यले प्रति विद्यार्थी कम मात्र योगदान गर्न सकिरहेको छ । FY25 का लागि नोक्सानी गत वर्ष भएको भन्दा $1.5M कम हुने अनुमान गरिएको छ ।

- मुद्रास्फीतिले सञ्चालनको लागत बढेको छ — विद्यालयको खाजाका लागि दूध किन्नेदेखि लिएर हाम्रा बसहरूमा इन्धन भर्नेदेखि हाम्रा तलबहरू प्रतिस्पर्धी भएको सुनिश्चित गर्नेसम्मका सबै कुराहरू भइरहेका छन् । बिजुली, ग्यास, पानी र ढल जस्ता युटिलिटीको लागत FY19 देखि 25% ले बढेको छ ।

## **RCS** ले पछिल्लो पटक मतपत्रमा लेभी कहिले राखेको थियो ?

***Reynoldsburg City Schools*** ले सन् ***2010*** देखि नै सञ्चालन लेभीका लागि समुदायलाई अनुरोध गरेको छैन ।

- सामान्यतया कुनै पनि डिस्ट्रिक्टले हरेक चार वा पाँच वर्षमा मतदान गराउँछन् । हामी आर्थिक रूपमा जिम्मेवार भएकोले हामी 14 वर्षभन्दा बढी समयदेखि लेभीको प्रस्ताव नगरिकनै बस्न सकेका छौँ ।

**(क्रमशः)**

## लेभीले के कुरा हासिल गर्नेछ ?

लेभीले निम्न कुराहरू गर्नेछ:

- हाम्रा कडा परिश्रम गर्ने शिक्षक र सहयोगी कर्मचारीहरूलाई सधैँ बढ्दो र प्रतिस्पर्धात्मक बजारमा निम्नलगायत उचित क्षतिपूर्ति दिइने सुनिश्चित गर्ने:
  - योग्य र गुणस्तरीय व्यक्तिहरूका साथमा कर्मचारीहरूको उपयुक्त स्तर कायम राख्ने
  - हाम्रा विशेष शिक्षा कक्षाकोठाहरूका लागि कर्मचारीहरूको उपयुक्त स्तर कायम राख्ने
    - साधारण विशेष शिक्षा सिकाइ युनिटमा 5-10 जना विद्यार्थी हुन्छन् ।
  - प्राथमिक (इलिमेन्टरी) विद्यालयका सहायक प्रिन्सिपलहरूलाई कायमै राख्ने
  - विद्यार्थीका शैक्षिक चुनौती र अन्तरहरू (COVID-19 मा भएको सिकाइको क्षतिबाट भएको) लाई सम्बोधन गर्न व्यावसायिक विकास उपलब्ध गराउने ।
  - हाम्रा विद्यार्थीहरूका विविध आवश्यकताहरू पूरा गर्न शिक्षक र प्रिन्सिपलहरूका लागि सहायता उपलब्ध गराउने ।
    - सन् 2021 देखि हाम्रो ELL जनसङ्ख्या 22% ले बढेको छ
    - सन् 2021 देखि पहिचान भएका अपाङ्गता भएका हाम्रा विद्यार्थीहरूको सङ्ख्या 19% ले बढेको छ

- हाम्रो ग्रेजुएट योग्यताको छवि प्रवर्द्धन गर्ने शैक्षिक सामग्री र पाठ्यक्रम उपलब्ध गराउन जारी राख्ने ।
  - मिडल र हाइ स्कुलका स्तरहरूमा विभिन्न पाठ्यक्रमहरू र ऐच्छिक विषयहरूमा पहुँच उपलब्ध गराउने
  - स्थलगत भ्रमण र विद्यार्थी यात्रा अवसरहरू जस्ता शैक्षिक अनुभवहरू उपलब्ध गराउन जारी राख्ने

- हाम्रा हालका भवनहरूमा मर्मत सम्भार गर्ने र हाम्रा सबै विद्यार्थीहरूका लागि निम्नलगायत सुरक्षित र अनुकूल सिकाइका स्थानहरू सुनिश्चित गर्ने:
  - रेडन परीक्षण र न्यूनीकरण योजनाहरूको निरन्तरता
  - डिस्ट्रिक्टका भवनहरूको रोकथाममूलक रखरखाव योजना कायम राख्ने
  - पञ्चवर्षीय पूर्वानुमानमा हाल छतको मर्मत तथा प्रतिस्थापन, पार्किङ लटको मर्मत, HVAC प्रतिस्थापन र डिस्ट्रिक्टभरिका खेल मैदान तथा एथलेटिक क्षेत्रहरू प्रतिस्थापन/मर्मत जस्ता सम्पत्ति प्रतिस्थापनका लागि $19M आवश्यक पर्ने देखिएको छ ।

- खेलकुद, क्लब र अतिरिक्त क्रियाकलापहरूलाई निरन्तरता दिने ।

- मौजुदा कर्मचारीहरूका साथमा हालका बचाव तथा सुरक्षाका उपायहरूलाई निरन्तरता दिने । सन् 2023 देखि डिस्ट्रिक्टले तीनजना थप बचाव तथा सुरक्षा कर्मचारीहरू नियुक्त गरेको छ र उनीहरू प्रभावकारिता सुनिश्चित गर्न प्रशिक्षणमा सहभागी भएका छन् ।

- विद्यार्थी र कर्मचारीहरूका लागि 1:1 पहुँच सुनिश्चित गर्दै हाम्रो हालको प्रविधि योजनालाई कायम राख्ने । हाल डिस्ट्रिक्टले 15 वटा विद्यालय भवनहरूका लागि 10,000 भन्दा बढी डिभाइसहरू आपूर्ति गर्छ । सन् 2022 देखि डिस्ट्रिक्टले COVID-19 सम्बन्धी राहतका लागि FCC द्वारा उपलब्ध गराइएको आपत्कालीन कनेक्टिभिटी कोषबाट प्रविधिमा $4 मिलियनभन्दा बढी लगानी गरेको छ ।

- बसहरू भविष्यको महत्त्वपूर्ण लगानीलाई रोक्ने तरिकामा प्रतिस्थापन र कायम गरिन्छ भनेर सुनिश्चित गर्न डिस्ट्रिक्टको बस प्रतिस्थापन समयतालिका कायम राख्ने ।

- सोसल वर्कर र सल्लाहकारहरू जस्ता मानसिक तथा व्यवहारजन्य स्वास्थ्य पेशाकर्मीहरूलाई निरन्तर पहुँच उपलब्ध गराउने ।

(क्रमशः)

## तपाईंले केन्द्रीय कार्यालयमा हालैको पुनर्व्यवस्थापनलाई औचित्य दिन कस्तो अनुसन्धान गर्नुभएको छ ?

गत वर्ष, डिस्ट्रिक्टले पाठ्यक्रम, विशेष शिक्षा र मानव पुँजी व्यवस्थापनको लेखापरीक्षण गरेको थियो। डेटाले उच्च प्रकार्यगत सङ्गठनात्मक K-12 संरचना सिर्जना गर्न के कुरा आवश्यक पर्छ भनेर वर्णन गरेको थियो। लेखापरीक्षणहरूले डिस्ट्रिक्टको नेतृत्वलाई प्रिन्सिपल र शिक्षकहरूलाई हाम्रा विद्यार्थीहरूमा ध्यान केन्द्रित गर्न दिनका लागि बाहिरी जिम्मेवारीहरू हटाउन अनुमति दिने प्रक्रिया, कार्यविधि र कर्मचारी व्यवस्थापनका बारेमा विशेष जानकारी उपलब्ध गराएका छन्।

पाठ्यक्रम लेखापरीक्षणको डेटाले हामीलाई हाम्रो पढाइ र गणितका मूल्याङ्कनहरूका साथै हाम्रो Ohio स्कुल रिपोर्ट कार्डको डेटालाई सम्बोधन गर्न अनुमति दियो।

मानव पुँजी व्यवस्थापन लेखापरीक्षणको डेटाले हामीलाई कर्मचारी भर्ती गर्ने, नियुक्ति गर्ने र टिकाइ राख्ने योजना सँगै राख्ने मौका दिन्छ।

विशेष शिक्षा लेखापरीक्षणको डेटाले हामीलाई हाम्रा विद्यार्थीहरूका विविध आवश्यकताहरू सम्बोधन गर्न दिन्छ।

## यसलाई कति लागत लाग्नेछ ?

Reynoldsburg City Schools बोर्डले 6.65 मिलियन, पाँच वर्षको सञ्चालन लेभी राख्न जुलाईको समिति बैठकमा मतदान गरेको थियो जसले नोभेम्बरको मतपत्रमा वार्षिक रूपमा $8.5 मिलियन बढाउनेछ। सम्पत्ति कर लेभी डिस्ट्रिक्टका सम्पत्तिका मालिकहरूका लागि प्रति $100,000 मूल्याङ्कन गरिएको सम्पत्तिको मूल्यमा $233 बढ्नेछ।

तपाईंले तपाईंको वार्षिक र मासिक रकम कति हुनेछ भन्ने थाहा पाउनका लागि reyn.org/levy.aspx मा रहेको हाम्रो क्याल्कुलेटरमा आफ्नो सम्पत्तिको मूल्याङ्कन गरिएको मूल्य हाल्न सक्नुहुन्छ।

## मसँग यहाँ जवाफ नदिइएको प्रश्न छ। मैले थप जानकारी कहाँ प्राप्त गर्न सक्छु ?

www.reyn.org/levy.aspx वा यहाँ इमेल गर्नुहोस्: superintendent@reyn.org

**टाउन हलहरू:**

**अक्टोबर 3, 2024:** कोषाध्यक्ष र सुपरिटेन्डेन्टसँग कुरा गर्ने (Talkin' with the Treasurer and Superintendent)। बिहान 9 - 11 बजे, Raider Nutrition! 6993 E. Main Street

**अक्टोबर 3, 2024:** च्याम्बर अफ कमर्सको प्रस्तुतीकरण (Chamber of Commerce Presentation)। बिहान 11:30 - दिउँसो 1 बजे 1636 Graham Rd. को Reynoldsburg Community Church मा

**अक्टोबर 17, 2024:** Reynoldsburg ज्येष्ठ नागरिक केन्द्रको प्रस्तुतीकरण (Senior Center Presentation)। बिहान 11:30 - दिउँसो 12:30 बजे 1520 Davidson Drive को RSC मा

पछिल्लो पटक *9.30.24* मा अद्यावधिक गरिएको